

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २० गते शुक्रबार ❑ 5 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## चार सम्झौतामा हस्ताक्षर गर्दैं नेपाल-भारत संयुक्त आयोग

**रासस**
काठमाडौं, १९ पुस

नेपाल-भारत संयुक्त आयोगको सातौँ बैठक विभिन्न चारवटा सम्झौतामा हस्ताक्षर गर्दै सम्पन्न भएको छ। बैठकमा द्विपक्षीय सम्बन्धका समग्र विषयका साथै आपसी सहयोगका विभिन्न क्षेत्रको समीक्षा भएको थियो । दुवै देशबीच सम्पर्क सञ्जाल विस्तार, व्यापार, जलस्रोत, ऊर्जा व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।



परराष्ट्रमन्त्री नारायणप्रकाश साउद र भारतका विदेशमन्त्री एस जयशङ्करको उपस्थितिमा ती सम्झौतामा हस्ताक्षर भएको हो । परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईका अनुसार सरकारी संस्था वा अन्य कुनै पनि संस्थामार्फत उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यान्वयनका लागि भारतीय अनुदान सहायतासम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।

यसैगरी दुई देशबीच दीर्घकालीन ऊर्जा व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ। यस सम्झौताअनुसार आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्न सकिनेछ । नेपाल विद्युत् प्राधिकरण र भारत सरकारको नेशनल थर्मल पावर कर्पोरेशनबीच नवीकरणीय ऊर्जा विकासका लागि सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) र भारतीय अन्तरिक्ष अनुसन्धान संस्था तथा अन्तरिक्ष विभागका तर्फबाट न्यू स्पेस इण्डिया (एनएसआईएल) बीच ध्रुवीय उपग्रह प्रक्षेपण वाहनमा मुनाल उपग्रह प्रक्षेपण सेवासम्बन्धी सम्झौतामा पनि हस्ताक्षर भएको छ । बिहीबार दुई देशबीच १३२ किलोभोल्ट क्षमताका रक्सौल परवानीपुर, कुशाहा कटैया र न्यू नौतनवा मैनाहिया अन्तरदेशीय प्रसारण लाइनको उद्घाटन गरिएको छ । भूकम्पपछिको पुनः निर्माणका लागि भारत सरकारले रु १० अर्ब अनुदान सहयोग गर्ने घोषणा गरेको छ।

## 'किसानको उत्पादनले बजार नपाए सरकार आफैँ खरिद गर्न तयार छ'

**पोखरापत्र संवाददाता**
गोरखा, १९ पुस



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले किसानले उत्पादन गरेका उत्पादित कृषिजन्य वस्तुले बजार नपाए प्रदेश सरकार आफै खरिद गर्न तयार रहेको बताउनुभएको छ।

गोरखा चेम्बर अफकर्मसको आयोजनामा सदरमुकाममा आजदेखि सुरु भएको 'कृषि, पर्यटन तथा व्यापार प्रवर्द्धन मेला-२०८०' को उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले किसानले उत्पादन गरेको कृषिजन्य उत्पादनले बजार नपाए अब प्रदेश सरकारले किनिदिने बताउनुभएको हो। "तपाईँहरु के उत्पादन गर्नुहुन्छ गर्नुस्, बजार पाउनु भएन भने प्रदेश सरकार किसानले गरेका उत्पादन लिन तयार छ", उहाँले भन्नुभयो, "किसानले गरेको उत्पादनलाई बजारको व्यवस्था गर्न पनि हामी तयार छौं, बजार र किसानबीच समन्वय गरेर भएन भने प्रदेश सरकार आफैले किसानको उत्पादन किनिदिन्छ।"

उहाँले उत्पादनका आधारमा अनुदान उपलब्ध गराउन र बजारीकरणका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि रु ५० करोडभन्दा बढी रकमको व्यवस्था गरेको समेत बताउनुभयो। कृषिमा अनुदान सुरुमा लिने र त्यसको दुरुपयोग हुने गरेको भन्दै अहिले प्रदेश सरकारले उत्पादनका आधारमा अनुदान दिने नीति लिएको मुख्यमन्त्री पाण्डे बताउनुभयो। उहाँले प्रदेश सरकारले बनाएको कानुनका कारणले उद्योग, कृषि व्यवसायलगायतमा अफठ्यारो परेको भए सरकार त्यसलाई परिमार्जन गरेर अघि बढ्न तयार रहेको समेत बताउनुभयो । मुख्यमन्त्री पाण्डेले गाउँमै जनतालाई बस्ने वातावरणको सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले प्रदेश सरकारले गाउँमा बाटो, बिजुली र स्वास्थ्यचौकी पुगेपछि गाउँ छाडेर हिँड्ने क्रम बढेको भन्दै गाउँमै आत्मानिर्भर हुने गरी कार्यक्रम ल्याउन प्रदेश सरकार लागिपरेको बताउनुभयो।

## स्थानीय तहलाई दिइएको भूमिका महत्वपूर्ण : मन्त्री देवी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले संविधानले स्थानीय तहलाई दिएका जिम्मेवारी र भूमिका महत्त्वपूर्ण रहेको बताउनुभएको छ।



सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कार्यक्रम समन्वय एकाइ बबरमहल काठमाडौँद्वारा बिहीबार पोखरामा आयोजित असल अभ्यास आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रममा उहाँले वर्तमान संविधानले स्थानीय तहलाई महत्वपूर्ण खम्बाका रुपमा लिएको बताउनुभयो।

स्थानीय तहलाई संविधानले कतिपय एकल अधिकार दिएको उल्लेख गर्दै मन्त्री देवीले प्राप्त अधिकारको उपयोग गरी विकास, निर्माणका काममा प्रभावकारी रुपमा अघि बढ्दै समृद्धिको यात्रातर्फ लाग्नुपर्ने बताउनुभयो।

स्थानीय तहले एकआपसमा गरेका असल अभ्यासबारे छलफल एवं अन्तरक्रिया गर्दै अघि बढ्न सकेमा जनताको अपेक्षा अनुसारका कामले निरन्तरता पाउने उहाँको भनाइ थियो। प्रमुख प्रशासकीय अधिकृत र स्थानीय तहबीच नङमासुको जस्तो सम्बन्ध हुनुपर्नेमा जोड दिँदै मन्त्री देवीले असल सम्बन्धबाट कामको प्रभावकारिता बढ्ने धारणा राख्नुभयो।

गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले एकले गरेका असल अभ्यास अर्काका लागि अनुकरणीय हुने बताउनुभयो । काम गर्ने क्रममा विविध समस्या तथा कानुनी अप्ठ्यारा आउने भन्दै कानुनको आवश्यकता, महत्त्वलगायत विषयमा समीक्षा गर्दै अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा रहेको न्यायिक समितिका लागि कानुन अधिकृतको व्यवस्था गर्न सके त्यसले कामलाई सहज बनाउने बस्नेतको भनाइ थियो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्रशासकीय अधिकृत पटकपटक फेरिने अवस्थाको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । स्थानीय तहलाई दिइएका अधिकार कार्यान्वयनका सम्बन्धमा निरन्तर छलफलसँगै दबाब भए पनि त्यसको सुनुवाइ नभएको उहाँले बताउनुभयो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल, डा नारायण रेग्मीलगायतले आ-आफ्नो धनाइ राख्नुभएको थियो। शुक्रबारसम्म हुने कार्यक्रममा गण्डकी प्रदेश भित्रका विभिन्न ४० पालिकाका प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत सहभागी हुनुहुन्छ।

## दश वर्षमा १० हजार मेगावाट बिजुली निर्यातसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर

**रासस**
काठमाडौं १९ पुस

नेपाल र भारतबीच बिजुली निर्यातसम्बन्धी दीर्घकालीन सहमतिपत्रमा हस्ताक्षर भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा मन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितिमा दुई देशका सचिवले दीर्घकालीन ऊर्जा व्यापारसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको हो। आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने पूर्वसहमतिले आजको हस्ताक्षरसँगै सार्थकता पाएको हो।

बिजुली निर्यातसम्बन्धी द्विपक्षीय सहमतिपत्रमा नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपाल सिग्देल र भारतका ऊर्जासचिव पङ्कज अग्रवालले हस्ताक्षर गर्नुभयो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गत जेठमा गर्नुभएको भारत भ्रमणका क्रममा सो सन्दर्भमा सहमति भएको थियो। प्रधानमन्त्री दाहालका भारतीय समकक्षी नरेन्द्र मोदीले सोही अवसरमा दीर्घकालीनरूपमा नेपालको बिजुली आयात गर्न लागिएको र दुई देशका बीचमा सहमति भएको बताउनुभएको थियो । भारतको सङ्घीय मन्त्रिपरिषद्ले यसअघि नै विद्युत् आयातसम्बन्धी सम्झौतालाई अनुमोदन गरिसकेको छ। भारतीय विदेशमन्त्री एस जयशङ्करको आजदेखि हुन लागेको नेपाल भ्रमणका अवसरमा दुई देशका सचिवले सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको हो।

सो सहमतिपछि भारतका सरकारी तथा निजी क्षेत्रका विभिन्न कम्पनीले अल्पकालीन, मध्यकालीन र दीर्घकालीनरूपमा विद्युत् खरिद-बिक्री सम्झौता गरी बिजुली लिनेछन् । नेपाल र भारतका निजी क्षेत्रले पनि आवश्यक सहमति गरेर बिजुली आयात निर्यात गर्न सक्नेछन्।

## नश्ल सुधारको लागि स्याङ्बोचे, सोलुखुम्बुबाट पोखरा हुदै मुस्ताङ पुग्यो याक

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

मुस्ताङमा याकको नश्ल सुधारका लागि स्याङ्बोचे, सोलुखुम्बुबाट एक साता लागेर याक (भाले) पोखरा हुदै मुस्ताङ पुर्‍याइएको छ।



नश्ल सुधारका लागि नेपालको सरकारी एक मात्र याक अनुवांशिक स्रोत केन्द्र स्याङ्बोचे, सोलुखुम्बुबाट करिब प्रति याक २० हजार देखि २५ हजारमा खरिद गरि मुस्ताङ र मनाङ जिल्लाका कृषक, समूह/समितिलाई गण्डकी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालय, पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय मार्फत १९ वटा याक वितरण गर्न पुर्‍याइएको निर्देशनालयका सूचना अधिकारी डा.सपनालक्ष्मी घिमिरेले बताउनु भयो । गण्डकी प्रदेशको हिमालपारीका जिल्ला मनाङमा ९ र मुस्ताङमा १० वटा याकको नश्ल सुधारका लागि याक वितरण गरिएको उहाँले जनाउनु भयो ।मुस्ताङ लैजाने क्रममा याक मंगलबार बेलुका पोखरामा आयोजित एक समारोहका बिच गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सांसदहरु विकल शेरचन र नम्डु गुरुङ सहितको टोलीलाई हस्तान्तरण गर्नु भएको हो। याक हस्तान्तरण गर्दै उहाँले उन्नत जातको याकबाट नश्ल सुधारमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नु भयो । उक्त नश्ल सुधार कार्यक्रमले हिमाली क्षेत्रका किसानलाई फाइदा हुने बताउदै त्यसको भरपूर्ण रुपमा उपभोग गर्न मुख्यमन्त्रीले आग्रह गर्नु भयो। ९ वटा याक मनाङको चामेमा बुधबार वितरण भएको मनाङ पुग्नु भएका निर्देशनालयका बरिष्ठ पशु बिकास अधिकृत डा.बालकुमार श्रेष्ठले बताउनु भयो । याकको नश्ल र जातिय सुधारको लागि पहिलो पटक उक्त याक(भाले) प्रजातिको करिब डेढ देखि दुई बर्षका याक वितरण गरिएको हो । सोलुखम्बुबाट यही पुष १२ गते हिडाएको उक्त याक आज मात्र मनाङमा पुगेको डा.श्रेष्ठले जनाउनु भयो । उक्त याक ४ दिन हिडाइएको थियो भने बाँकी गाडीमा तापक्रम मिलाउदै उनीहरुलाई सकुसल मनाङसम्म पुर्‍याएको उहाँले जनाउनु भयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेन्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# रेडक्रस र लायन्स क्लबको आँखा परीक्षण सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस



नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखा र लायन्स क्लब अफ पोखरा भैरवको संयुक्त आयोजनामा आयोजित सरकारी विद्यालय लक्षित विद्यालय स्तरिय निशुल्क आँखा चेकअप शिविर सम्पन्न भएको छ।

पोखरा महानगरपालिका वडा नं १० का वडा अध्यक्ष राजेश गुरुङ्ग (राजु सर) को प्रमुख अतित्थ्यतामा हेनरी ड्यूनाको तस्विरमा माल्यार्पण गरि कार्यक्रम को उद्घाटन गरि शुभारम्भ गरिएको उक्त शिविरको चौथो दिनसम्म संचालन गरि कुंडहर आधारभूत विद्यालय कुंडहर पोखरा १० मा सम्पन्न गरेको छ। मानवीय सेवामा लागीपर्ने दुई सस्थाहरू आयोजना र हिमालय आँखा अस्पताल घारिपाटनको प्राविधिक सहयोगमा संचालित उक्त शिविरमा करिब १ हजार ७ सय विद्यार्थीहरूको आखा परीक्षण गरेको मा ६६ जना विद्यार्थीलाई हिमालय आखा अस्पतालमा पुन परिक्षण गरि थप उपचार गराउन रिफर गरिएको थियो। क्लबहरूको आयोजनामा कालिका मा बि र कुंडहर आधारभूत विद्यालयका सम्पूर्ण विद्याथीहरूका मानब अंग त्यसमा पनि आँखा जस्तो सम्बेदनशिल अंग आँखा परीक्षण शिविरले विद्यार्थीहरूको भविष्यमा हुनसक्ने समस्या समाधान हुने विश्वास ब्यक्त गर्नु भयो।

उक्त आँखा चेकअप शिविर मा हिमालय आँखा अस्पतालका प्राविधिक फिल्ड ईन्चार्ज सुभाष नेपाल लगायत १२ जनाको जम्बो टोलीले सबै विद्याथीहरूलाई अस्पतालको बिशेष उपकरणद्वारा परीक्षण गरि आखा सम्बन्धी समस्या देखा परेमा उपचारमा सहजका अपनाउने बताउनु भएको कार्यक्रममा कुंडहर आधारभूत विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष अनिता तिमल्सिना, कालिका मा बि का सहायक प्रधानाध्यापक बाशुदेब अधिकारी, लायन्स क्लब अफ पोखरा भैरवका प्रथम उपाध्यक्ष ला. सुकदेब गौतम र कुंडहर आधार भूत विद्यालय का प्र.अ. नन्द किशोर बराल लगायतका बक्ता हरूले आ-आफ्नो बिचार राख्नु भएको कार्यक्रममा उपशाखा १० का उपसभापति जीवन श्रेष्ठले रेडक्रसका सात सिद्धान्त बाचन र नरहरि पनेरूले स्वागत गरेको कार्यक्रम उपशाखाका किरण प्रसाद भट्टचन, निर्मला श्रेष्ठ, लायन्स क्लब अफ पोखरा भैरव का ला. बुद्ध बहादुर उदास, ला. रमेश बालाजु, स्पाउस ला. शुष्मा बालाजु, कालीका मा बि का जुनियर रेडक्रस सर्कलका भोलिन्टिएरले सहयोग गरि सम्पन्न उक्त शिविर नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सभापति एंव विद्यालय स्तरिय निशुल्क आखा चेकअप शिविर कार्यक्रमका सभापति सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रम मा वडा नं १० भित्र रहेका कालिका माबि र कुडहर आधारभूत विद्यालयहरूमा करिब १ हजार ७ सय विद्यार्थीलाई चेकअप गराईएको बताउनु भएको कार्यक्रममा उपशाखाका उपशाखा १० भबन संरक्षण उपसमितिका संयोजक बिन प्रसाद गुरुङले कार्यक्रम संचालन गरेका थिए।

# पोखराका १ का वडाबासीलाई हरेक शनिबार निःशुल्क योगा र जुम्बा डान्स गराउने

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस



पोखरा महानगरपालिका वडा नम्बर १ का स्थानियलाई हरेक शनिबार हप्तामा निःशुल्क योग शिविर तथा जुम्बा डान्स गराइने भएको छ।

पोखरा महानगर १ वडा खेलकुद बिकास समितिको आयोजनामा पोखराको राष्ट्रिय मा. वि.को प्राङ्गणमा हरेक शनिबार योगा र जुम्बा कार्यक्रम हुने भएको विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो। टुडिखेलमा आऔं खेलौं, स्वस्थ बनौ भन्ने नाराका साथ आगामी पुष २१ गते देखी पहिलो चरणको ६ महिनासम्मको लागि उक्त कार्यक्रम संचालन हुने तयारी भएको पोखरा महानगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष शाहारा प्रधानले बताउनु भयो।

हाम्रो आहार विहारमा समेत परिवर्तन आउदै जानुको साथै खाद्यान्न, तरकारी तथा फलफूल उत्पादनमा अत्याधिक मात्रामा विषादीको प्रयोग र खाद्य पदार्थमा हुने मिसावटले गर्दा, मानव स्वास्थ्यको क्षेत्रमा दिनानुदिन चुनौतीहरु थपिदै गइरहेको अवस्था आफ्ना वडाबासीलाई शारीरिक रुपमा केही हदसम्म भए पनि स्वस्थ्य रहन उक्त कार्यक्रम सुरु हुने भएको अध्यक्ष प्रधानले बताउनु भयो। समितिका सल्लाहकार एवं नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष तेज बहादुर गुरुङले मोबाइल र टिभिमा बालबालिका देखि युवाहरु झुम्मि राखेको अबस्थामा यस्तो कार्यक्रमले घर बाहिर निस्कनमा थप मद्धत पुग्ने विश्वास व्यक्त गर्नु भयो।

उक्त कार्यक्रममा करिब ५ सय जना सहभागि हुने आफुहरुले अपेक्षा गरेको समितिका अध्यक्ष बिष्णुकुमार गुरूङले बताउनु भयो। निःशुल्क रुपमा प्रत्येक हप्ताको शनिवार बिहान ६ : ३० देखी ८ : ३० बजे सम्म सामुहिक रुपमा व्यायाम गराउने कार्यक्रम गर्न लागिरहेको उहाँले जनाउनु भयो। शारिरीक तन्दुरुस्तीका लागि आयोजना गरिने व्यायामका लागि तमन्या गुरुङ सहित २ जना जुम्बा विज्ञ र भगवती सुवेदी योगा प्रशिक्षकको व्यवस्था गरिएको समितिले जनाएको छ।

सबै उमेर समुहका वडा बासीहरुलाई शारिरीक व्यायाम र खेलकुद प्रति जनचेतना फैल्याउनु साथै वडा बासीहरुको स्वास्थ्य स्थितीमा सुधार ल्याउने उद्देश्यका साथ उक्त कार्यक्रम गर्न लागिएको समितिका सचिव अनिस गुरूङले बताउनु भयो।

# मुग्लिन-पोखरा सडकमा दुवैतर्फ चार किलोमिटर कालोपत्र

पोखरापत्र संवाददाता
तनहुँ, १९ पुस

मुग्लिन-पोखरा सडक विस्तारअन्तर्गत तनहुँको पूर्वी खण्डमा चार किलोमिटरसम्म दुईतर्फी कालोपत्र गरिएको छ। सडक आयोजना (पूर्वी खण्ड)ले तनहुंको आँबुखैरेनी र बन्दीपुरमा चार किलोमिटर दूरीमा दुईतर्फी कालोपत्र गरेको हो।

बाह्र दशमलव पाँच किलोमिटर दूरीमा एकतर्फी कालोपत्र सकिएकामा सोही दूरीमा दुईतर्फी कालोपत्र गर्ने लक्ष्यअनुसार काम भइरहेको आयोजनाका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार हाल बन्दीपुरको छिर्कने-डुम्रे खण्डमा दुईतर्फी नै कालोपत्र गरेर गाडी सञ्चालन सहज बनाउने काम भइरहेको छ। अन्य ठाउँमा पक्की पुल निर्माण, कल्भर्ट निर्माण, डिभाइडर बनाउने कामले पनि गति लिएको छ। पृथ्वीराजमार्गलाई चार लेनमा विस्तार गर्ने उद्देश्यसहित काम भइरहेको मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको पूर्वी खण्डमा हालसम्म करिब ४५ प्रतिशत काम सकिएको छ।

तनहुँको आँबुखैरेनीबाट जामुनेसम्मको उक्तखण्ड ४१ दशमलव पाँच किलोमिटर छ। आँबुखैरेनीबाट जामुनेसम्मको खण्डमा काम तीव्रगतिमा अगाडि बढेको इन्जिनियर पाण्डको भनाइ थियो। पूर्वी खण्डमा सडक फराकिलो बनाउने, पक्की पुल तथा कल्भर्ट निर्माणको कामले पनि गति लिएको छ। राजमार्ग विस्तारका लागि पूर्वी खण्डमा घरटहरा हटाउने काम भइरहेको छ। यो खण्डमा छ सय ३१ घरटहरा भत्काइनेछ। त्यसका लागि रु २२ करोड ४५ लाख मुआब्जा वितरण गरिनेछ। पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो।

एकचालीस दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ। पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ। यता पश्चिम खण्डमा माघको तेस्रो सातादेखि कालोपत्र गर्न तयारी थालिएको छ। तनहुँको जामुनेबाट पोखरासम्मको पश्चिम खण्डमा माघको तेस्रो सातादेखि कालोपत्र थाल्ने तयारी गरिएको हो। त्यसका लागि अहिले उक्त खण्डमा बेस राख्ने काम भइरहेको मुग्लिन-पोखरा सडक योजना पश्चिम खण्डका इन्जिनियर नारायणप्रसाद पौडेलले जानकारी दिनुभयो। केही समयदेखि निकै सुस्त काम भइरहेको यो खण्डमा अहिले कामको गतिले तीव्रता पाएको छ। हालसम्म यो खण्डको प्रगति १४ प्रतिशतमात्रै छ। सडक कालोपत्रका लागि करिब दुई किलोमिटर बेसको काम सकिएको उहाँले बताउनुभयो।

इन्जिनियर पौडेलले भन्नुभयो, "जनवरीको अन्तिम वा फेब्रुअरीको सुरुदेखि कालोपत्र हुनेछ। त्यहीअनुसार अहिले काम भइरहेको छ।" उहाँका अनुसार हाल चिनियाँ ५० र नेपाली ६० इन्जिनियर यो खण्डमा खटिएका छन्। त्यस्तै आयोजनास्थलमा चार सयभन्दा बढी नेपाली कामदार परिचालन गरिएको छ। सडक आयोजनासँग हाल २० किलोमिटर कालोपत्र गर्न आवश्यक सामग्री तयारी अवस्थामा रहेको जनाइएको छ। पश्चिम खण्डअन्तर्गत जामुनबाट पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले पाएको छ। यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ। यो खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको थियो। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारी साधनको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो। चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५-२५ मिटर हुनेछ। बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडा सडक बन्नेछ। डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ। दुलेगौडाबाट खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

# प्रदेश छनौट क्रिकेट उद्घाटन खेलमा बागलुङ माथि कास्कीको शानदार जित

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस



घरेलु मैदानमा कास्कीले बागलुङ माथि शानदार जित हासिल गरेको छ। प्रधानमन्त्री कप गण्डकी प्रदेशस्तरिय क्रिकेट छनौटको विहिबार पोखरामा भएको छनौट प्रतियोगिताको उद्घाटन खेलमा कास्कीले बागलुङ माथि १५३ को बिशाल रनको अन्तरले पराजित गर्दै शान्दार जित हासिल गरेको हो।

५० ओभर मध्य ४ ओभर घटाई ४६ ओभरमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको कास्कीले निर्धारित ओभरमा ९ विकेटको क्षतिमा २ सय ६८ रन जोड्न सफल भयो। २ सय ६९ रनको लक्ष्य पाएको बागलुङले भने २४.१ ओभरमा अल आउट हुदाँ मात्र १ सय १५ रनमै समेटियो। कास्कीको जितमा मुस्कान थापाले ७४, विपिन खत्रीले ५० रन, रोहित चन्दले २९ को योगदान दिए। बागलुङका अश्विन थापाले ३८,रविन कार्कीले १५, सुवर्ण खड्काले १२ रन जोडे। कास्कीका कृष्ण पौडेलले ३, आदित्य थापा र विपिन खत्रीले समान २-२ विकेट लिए। खेलमा कास्कीका मुस्कान थापा म्यान अफ दि म्याच घोषित भए। प्रतियोगितामा ६ जिल्लाको सहभागिता रहेको छ। प्रतियोगिता लिगकम नकआउटका आधारमा सञ्चालन हुने अध्यक्ष सिग्देलले बताए। यही पौष २५ गते सम्म पोखरा रंगशालाको क्रिकेट मैदानमा संचालन हुने छनौट प्रतियोगिताको एक समारोहका बिच गण्डकी प्रदेशका सांसद प्रकाश बरालले गर्दै पोखरामा अन्तराष्ट्रिय क्रिकेट मैदान निर्माण गर्नुपर्ने बताए। गण्डकी प्रदेशमा करण केसी जस्ता धेरै खेलाडी उत्पादन हुन आवश्यक भएको उहाँको भनाई थियो। नेपाली टिममा छनौट हुने गरी उत्कृष्ट प्रर्दशन गर्न प्रदेशका खेलाडीलाई सांसद बरालले अग्रिम शुभकामना दिए। गण्डकी प्रादेशिक क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश खेलकुदका कार्यकारी सदस्य ऋषीराम गौतम, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बानियाँ, संघका निवर्तमान अध्यक्ष देवेन्सन प्रजु, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल लगायतको सहभागिता रहेको थियो।

जाडो मोसममा हुने सवारी दुर्घटनाको जोखिमबाट बचौं।

◆ सावधानीपूर्वक सवारी साधन चलाऔं।
◆ हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं।
◆ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
◆ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं।

*आफू पनि बचौं, अरुलाई पनि बचाऔं।*


नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# न्यायाधीश नियुक्तिमा सधैं खटपट

न्याय परिषद्को बैठकले उच्च अदालतमा रिक्तमध्ये ३९ जनालाई न्यायाधीशमा सिफारिस गर्दा २६ जना जिल्ला न्यायाधीशबाट नियुक्त भएका छन्। नेपाल बार एशोसिएसनले न्यायाधीश बनाउँदा कानुन व्यवसायि ५० प्रतिशत हुनुपर्ने माग राखेको थियो। प्रधानन्यायाधीस विश्वम्भर श्रेष्ठ र वरिष्ठतम न्यायाधीश ईश्वर खतिवडाले कानुन व्यवसायि भन्दा जिल्ला न्यायाधीसबाट उच्चमा प्राथमिकता दिएका छन्। ठूलो संख्यामा जिल्लाबाट उच्चमा लाँदा पनि वरियता मिचिएको गुनासो वारको छ। ३९ मध्ये २६ जना जिल्ला न्यायाधीशबाट नियुक्त हुँदा वरीयतामा अघि रहेका २८ जना जिल्ला न्यायाधीशलाई फेरि पनि छाडिएको भन्दै वारले असन्तुष्टि जनाएको छ। वारको सिफारिसमा न्याय परिषदको सदस्य बनेका वरिष्ठ अधिबक्ता राम प्रसाद श्रेष्ठलाई आफ्नो असन्तुष्टि पोखेको छ।

जिल्ला न्यायाधीशको रोलक्रममा ५७ नम्बरमा रहेका नारायणप्रसाद सुवेदीले मौका पाउँदा उनीभन्दा अगाडि रहेका कैयन् जिल्ला न्यायाधीशहरू छाडिएका छन्। अघिल्लो पटक छाडिएका र २०६३ ब्याचका एक न्यायाधीश र २०६६ ब्याचका दुई न्यायाधीशलाई यसपटक पनि छाडिएको छ। उच्च अदालतमा अघिल्लो पटक न्यायाधीशको नियुक्ति हुँदा जिल्ला न्यायाधीशबाट छुटाइएका जिल्ला न्यायाधीश महेन्द्रबहादुर कार्की २०६३ सालमै जिल्ला न्यायाधीश भएका व्यक्ति हुन्। उनलाई यसपटक पनि उच्च अदालतको न्यायाधीश बन्नबाट रोकिएको छ। त्यसैगरी २०६६ ब्याचका न्यायाधीशहरू गोपालप्रसाद बास्तोला र गिरिराज गौतमलाई पनि उच्च अदालतमा जानबाट रोकिएको छाकसैको वरियता मिच्ने र कसैलाई तान्ने प्रबृतिले असन्तुष्टि निम्त्याउँछ। न्यायालयमा यस्तो गुनासो आउनु राम्रो लक्षण होइन।

जिल्ला न्यायाधीशहरू मध्येबाट वरीयताक्रममा १ र दुईमा रहेकालाई छाडेर ३ नम्बर वरीयताकालाई उच्चमा लगिएको छ भने ७ नम्बर वरीयताका केशवप्रसाद गौतमलाई पनि छाडिएको छ। उच्च जानबाट रोकिएका वरीयताक्रममध्ये १३ नम्बरका तेजनारायण पौडेल, १८ का भुवनसिंह थापा, १९ का लीलाराज अधिकारी, २५ का शिवबहादुर रानाभाट, २७ का कमलप्रसाद पोखरेल छन्। त्यसैगरी छाडिएका अन्य न्यायाधीशमा २९ का दलबहादुर केसी, ३० का वासुदेव न्यौपाने, ३१ का प्रकाशचन्द्र अधिकारी, ३२ का केशवप्रसाद अधिकारी, ३४ का वासुदेव पौडेल, ३५ का रमेशप्रसाद ज्ञवाली, ३८ का उद्धवप्रसाद भट्टराई, ३९ का दीपक खनाल र ४० का उपेन्द्रप्रसाद गौतम छन्।

त्यस्तै जिल्ला न्यायाधीशको वरीयताक्रममा ४१ नम्बरमा रहेका रामप्रसाद शर्मा, ४३ मा रहेका शुभाषबाबु पुरी, ४४ का ऋषिराम आचार्य, ४५ का दयाराम ढकाल, ४७ का चुरामन खड्का, ४९ का हरिप्रसाद शर्मा, ५० का नवराज दाहाल, ५२ का गायत्रीप्रसाद रेग्मी, ५४ का मुकेश उपाध्याय, ५५ का विष्णुप्रसाद उपाध्याय र ५६ का हिमलाल बेल्बासे रहेका छन्। वरीयताक्रममा रहेकामध्ये २८ जना जिल्ला न्यायाधीशलाई उच्च अदालत जानबाट रोकेपनि न्याय परिषद्ले वरीयताक्रमको ५७ नम्बरमा रहेका नारायणप्रसाद सुवेदीलाई भने उच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको छ। बारले उठाएको विषयलाई न्याय परिषदले स्पष्ट नपारेमा फेरि बेञ्च र वार बीचमा खटपट आउँछाजुन विगतको आन्दोलनले न्यायालयलाई कमजोर बनाएको थियो। न्यायपरिषद्ले यसपटक पनि उच्च अदालतको न्यायाधीश बनाउँदा वरीयताक्रमभन्दा पनि आफूलाई मन लागेको व्यक्तिलाई उच्च अदालतको न्यायाधीश बनाउन सिफारिस गरिएको छ। यो रोगको निदान नहुने हो भने जुन जोगी आए पनि कानै चिरेको भन्ने उखान चरितार्थ हुनेछ।

# पर्यटक आउन थालेपछि मानहुँकोट फर्किंदै स्थानीय

मिला दरै / रासस
ढुमे, १९ पुस

तनहुँका अधिकांश पर्यटकीयस्थलको प्रवर्द्धन हुन सकेको छैन। केही पर्यटकीयस्थलको भने प्रवर्द्धन हुने क्रममा छ। बन्दीपुर बढी प्रवर्द्धन भएको पर्यटकीयस्थल हो। पछिल्लो समय व्यास नगरपालिका-५ मानहुँकोट अत्यधिक चर्चामा छ। यहाँबाट देखिने कुहिरो, हिमशृङ्खला र सूर्योदयले पर्यटकलाई आकर्षित गर्ने गरेको छ। हिउँद सुरु भएसँगै कुहिरोले सदरमुकाम दमौली बजारलाई छोप्छ।

घाम उदाउन लागेसँगै कुहिरो विस्तारै फाट्ने गर्दछ र दमौली बजार छर्लङ्ग देखिन्छ। यससँगै उहाँबाट हिमशृङ्खला पनि सुन्दर देखिने गर्दछन्। यही हिमशृङ्खला र डाँडाबाट देखिने चारैतिरको सुन्दरता हेर्न पर्यटक लालयीत हुने गर्दछन्। यी कुहिरो, हिमशृङ्खला र सूर्योदय मनोरम दृश्यले पर्यटक आकर्षित हुने गरेका छन्। मानहुँकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ। यहाँको लोभलाग्दो दृश्यले पर्यटकलाई आनन्दित तुल्याउने गरेको छ। विगतमा पानीको अभावले यस वरपरका बासिन्दा अन्यत्र बसाईंसराइ गर्न पुगेका थिए। पछिल्लो समय पर्यटकीय चहलपहल बढेसँगै उनीहरु आफ्नो पुर्ख्यौली गाउँ फर्किन थालेका छन्। पर्यटककै कारण यहाँका स्थानीय गाउँ फर्किन थालेका हुन्। तर पानीको समस्या भने यहाँ विगतको जस्तै कायमै छ। पर्यटकीय क्षेत्रका रुपमा मनुडकोटको विकास हुँदै गएपछि यहाँका स्थानीयबासी होटल व्यवसायमा संलग्न हुन थालेका हुन्। मानहुँकोट पर्यटकीयस्थल बनेपछि यहाँ बस्ती बढ्ने क्रममा छ। पानीको अभावले रित्तिएको बस्ती अहिले पर्यटकीयस्थलका रुपमा विकास भएसँगै स्थानीय फर्किन थालेका हुन्। विगतमा घण्टौं लगाएर पानी ल्याउनुपर्ने बाध्यता भएपछि यहाँका स्थानीय बसाईंसरी मानहुँकोटको फेदीतर्फ झरेका थिए। पानी सहजै पाउने स्थानतर्फ झरेका स्थानीय यहाँ पर्यटक आगमन बढ्न थालेपछि फर्किन थालेका हुन्। पाँच वर्षयता मानहुँकोट पर्यटकीयस्थलका रुपमा विकसित हुँदै गएको छ। यहाँ पर्यटकको आवतजावत हुन थालेपछि गाउँले फर्किन थालेका स्थानीय ६७ वर्षीय पद्मबहादुर थापामगर बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "खानेपानीको अभावले यहाँबाट धेरैले बसाईं सरेका थिए। अहिले विस्तारै फर्किन थालेका छन्। तर, पानीको समस्या भने उस्तै छ।"

पहिले स्थानीयले खेतीपाती गरे पनि अहिले व्यवसाय फेरिएको थापामगर बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पानी आउँछ की भनेर आश गरी बसेका छन्। तर, अहिलेसम्म समस्या समाधान भएको छैन। नगरपालिकाले ट्याङ्करमा पानी ल्याएर दिन्छ। किनेर नै खाइरहेका छौं।" उहाँका अनुसार पानीको आशले नै यहाँ स्थानीयले व्यवसाय गर्न थालेका छन्। थापामगर भन्नुहुन्छ, "ट्याङ्करको पानीले कति पुग्छ ? मेरो घरका त दुई घण्टा लगाएर अझै पनि खानेपानी लिन पर्छैयामा पुग्छन्। पानी लिन आवतजावत गर्दा दुई घण्टा लाग्छ। भारी बोकेर डाँडामा आउने हो कहाँ सजिलो छ र ? गाईबस्तु अलिअलि पालिएका छन्। यसका लागि आकाशे पानी जम्मा गर्गने गरेका छौं।" मानहुँकोटमा पर्यटकको चहलपहल बढेपछि होटल व्यवशाय गर्दै आउनुभएकी जितुमाया बस्याल पानीको अभावमै व्यवसाय सञ्चालन गर्न सकस भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "धारा नभएकाले ट्याङ्करमा ल्याइएको पानी र मिनरलवाटर किनेर व्यवसाय चलाउँदै आएका छौं। यहाँ होटल व्यवसाय फस्टाउँदै गए पनि पानीको अभाव उस्तै छ।"

यहाँ पानीको समस्या समाधान गर्न सकिए अझै पर्यटक बढ्ने बस्यालको अनुमान छ। उहाँ भन्नुहुन्छ, "बाटो सजिलो भएको छ। ठूला गाडी नचले पनि सानाले चलेको छ। तर, पानीको समस्या भने हट्न सकेको छैन। हामी त होटल व्यवसायीलाई पानीको समस्याले झन गाह्रो बनाएको छ।" धारा नहुँदा खानेपानीदेखि शौचालयमा राख्नसमेत किनेको पानी चलाउनुपर्दा व्यवसायी मारमा परेको उहाँको गुनासो छ। बस्याल भन्नुहुन्छ, "कहिलेकहीँ त पाहुनालाई हात धुने पानीसमेत नहुने अवस्था छ। केहीले त हात धुनसमेत नपाएको अवस्था छ।" धारामा पानी आए व्यवसायीसँगै यहाँ आउने पर्यटकले सास्ती र महँगी झेल्न नपर्ने उहाँको भनाइ छ। स्थानीय पद्मबहादुर थापा भन्नुहुन्छ, "पहिले मानडकोटमा सुन्तलाखेती पर्याप्त हुने गरेकामा अहिले तल्लो क्षेत्रमा मात्रै हुने गरेको छ। पानीको अभाव र रोग देखिएर नै यहाँको सुन्तलाखेती मासियो। तर, सुन्तलाखेती भए पनि स्वादिलो छैन र सुन्तलाको दाना पनि साना छन्। खै के भएको हो यस्तो ?" यहाँको सुन्तलाले राम्रै बजार पाउने गरेको उहाँले विगत सुनाउनुभयो।

पद्मबहादुर भन्नुहुन्छ, "यहाँ पहिलाभन्दा बढी चर्को घाम लाग्छ। त्यहीँमाथि पानीको समस्या छ। केको खेतीपाती हुन्छ र ? सबै चिज किनेर खाने हो। आकाशे पानीको भर पर्नुपर्ने ठाउँ हो। त्यहीमाथि समयमा पानी पर्दैन अनि केको खेती हुनु !" विगतमा यहाँ करिब ५०/६० परिवार बस्दै आएकामा पानीको समस्याले च्यापेपछि उनीहरु मानहुँकोटको फेदी अलैचे, पाटनतर्फ झरेका हुन्। मानहुँकोटमा केही सुविधा सम्पन्न होटल बन्ने क्रममा छन्। सुविधा सम्पन्न होटल बने पनि पानीको समस्याले सकस हुने व्यवसायी बताउँछन्।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले समपूरक योजनाअन्तर्गत खानेपानी योजनालाई प्राथमिकतामा राखेर समस्या समाधान गर्न लागिएको बताउनुभयो। उहाँले चालु आर्थिक वर्षदेखि पर्यटकीयस्थल मानहुँकोटको खानेपानी समस्याको समधान गर्ने गरी काम गर्न लागेको जानकारी दिनुभयो। प्रमुख न्यौपानेले गण्डकी प्रदेश सरकारले मानहुँकोटको खानेपानी समस्या समाधानका लागि चालु आवमा रु दुई करोड विनियोजन गरेको बताउनुभयो। बजेट विनियोजन भइसकेकाले ठेक्का प्रक्रिया अघि बढाइसकिएको छ। प्रमुख न्यौपानेले भन्नुभयो, "यहाँको खानेपानी समस्या समाधान गर्न प्रदेश सरकारले गत वर्ष रु दुई करोड बजेट विनियोजन गरे पनि काम गर्न नसक्दा फ्रिज गएको थियो। गत वर्ष पानीको मुहानको स्रोत खोजी तथा मिलाउँदा समयमा काम गर्न नसक्दा रकम फिर्ता गयो। खानेपानीको योजना विशेष योजना हो। बजेटअनुसार बोलपत्र आह्वान गरिन्छ। बजेट घोषणा गरे पनि यहाँ आइनपुग्दा योजना निर्माणमा समस्या भएको थियो। अहिले आएको छ र कार्यान्वयनको प्रक्रियामा गएका छौं।" बोरिङ गरी पानी मानहुँकोटवासीको घरमा पुऱ्याउने नगरपालिकाको लक्ष्य छ।

# च्याङ्ग्रापालक किसानलाई पचास लाख अनुदान

पोखरापत्र संवाददाता
म्याग्दी, १९ पुस

मुस्ताङका किसानले च्याङ्ग्राको खोर सुधार र स्रोत केन्द्र स्थापना गर्न चालु आर्थिक वर्षमा रु पचास लाखभन्दा बढी अनुदान पाउने भएका छन्।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको च्याङ्ग्रा जोन कार्यक्रमले खोर सुधारका लागि सात र स्रोत केन्द्र स्थापना गर्न दुई समूह बुधबार छनोट गरेको हो। उनीहरूलाई यसवर्ष रु ५० लाख ४७ हजार अनुदान उपलब्ध गराइने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ म्याग्दी/मुस्ताङका प्रमुख नेत्र भट्टले बताउनुभयो। "अनुदानका लागि मापदण्डअनुसार आवेदन सङ्कलन र स्थलगत मूल्याङ्कनपछि छनोट गरिएको हो", उहाँले भन्नुभयो, "सात च्याङ्ग्राका खोर सुधार गर्न रु तीन लाख २१ हजार र दुई स्रोत केन्द्र स्थापना गर्न रु १४ लाखका दरले अनुदान पाउनेछन्।" किसानले प्रस्तावित परियोजनाको कूल लागतको ८५ प्रतिशत बराबर परियोजनाबाट अनुदान उपलब्ध गराउने कार्यविधि छ। परम्परागत रुपमा हुँदै आएको च्याङ्ग्रापालनलाई व्यवस्थित र व्यावसायिक बनाई गुणस्तरीय मासु, ऊन तथा पश्मिना उत्पादन वृद्धि गर्ने लक्ष्यका साथ तीन वर्षअघिदेखि लोमान्थाङ, लोघेकर दामोदरकुण्ड र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा च्याङ्ग्रा जोन कार्यक्रम लागू भएको छ। किसानलाई पाठापाठी उत्पादनका लागि यसवर्ष दुई ठाउँमा स्रोत केन्द्र स्थापना गर्न लागिएको च्याङ्ग्रा जोनका प्राविधिक गणेश खत्रीले बताउनुभयो।

च्याङ्ग्राका बोका खरिद गर्ने कार्यक्रम रहेको छ। च्याङ्ग्रालाई वन्यजन्तुको आक्रमण र हिउँदयाममा चिसोबाट बचाउन खोर सुधार गर्न जोड दिइएको छ। जोनमा आबद्ध किसानले १५ हजारभन्दा बढी च्याङ्ग्रा पालेका छन्। च्याङ्ग्रा जोनका लागि चालु आवमा रु ८६ लाख ८९ हजार विनियोजन गरिएको छ। पूर्वाधार निर्माण र बोका खरिदका अलावा औषधि, आहारा, खोप, किसानलाई प्राविधिक तालिम लगायतका विषयमा बजेट परिचालन गरिने जोनले जनाएको छ। गतवर्ष ५८ किसान आबद्ध १० समूहलाई खोर सुधार गर्न रु तीन/तीन लाखका दरले अनुदान दिइएको थियो। यसैगरी दुई स्रोत केन्द्र निर्माणमा रु २८ लाख अनुदान दिइएको थियो। आर्थिक वर्ष २०७८/७९ मा सात फार्मले खोर सुधार गर्न रु २१ लाख, सङ्कलन केन्द्रमा रु १२ लाख र स्रोत केन्द्रमा रु १४ लाख खर्च भएको थियो। मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ४८ हजार च्याङ्ग्रा पालिएका छन्। त्यहाँ करिब ६५ ठूला च्याङ्ग्रा फार्म छन्। लोमान्थाङ र लोघेकर दामोदरकुण्डका किसानले ३० देखि ५० वटासम्म घरघरमा च्याङ्ग्रा पालेका छन्।

# पर्यटन प्रवर्द्धन गर्न अल्ट्राम्याराथन

पोखरापत्र संवाददाता
दमौली, १९ पुस

खेलकुदका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित तनहुँको ऋषिङ गाउँपालिकामा अल्ट्राम्याराथन प्रतियोगिता हुने भएको छ। गाउँपालिकाको आयोजनामा तेस्रो ऋषिङ अल्ट्राम्याराथन हुन लागेको हो।

यही पुस २७ गते ४३ किलोमिटर दूरीको म्याराथन प्रतियोगिता गर्न लागिएको गाउँपालिकाका प्रवक्ता विजय दौले जानकारी दिनुभयो। खुला म्याराथनका लागि पुस २६ गतेसम्म नाम दर्ता गर्न सकिने उहाँले बताउनुभयो। म्याराथनको आवश्यक तयारी सुरु गरिएको उहाँले बताउनुभयो। म्याराथनको तयारीका लागि जाँचबिन्दु स्थापना गर्ने र प्राथमिक उपचारका लागि बाटो बाटोमा स्थान तय गर्ने काम सुरु गरिएको उहाँले बताउनुभयो। एक किलोमिटरमा स्वयंसेवक र पाँच किलोमिटरमा प्राथमिक उपचार केन्द्र राखिनेछ। ती केन्द्रमा एक चिकित्सक, दुई नर्स र दुई अहेबसहितको स्वास्थ्यकर्मीको टोली रहने बताइएको छ। धारुङ भञ्ज्याङबाट सुरु हुने दौड रानीपोखरी, गाउँपालिकाको कार्यालय, अर्खलाछाप, काफलडाँडा, पुरानो ऋषिङ, पोखरीभञ्ज्याङ, गोठादी, ढुङ्गाडे, चालिसे, भिरकोट, अर्चल्दी, मौरीबास, डाडसिरी हुँदै दुवुङकोट पुगेर टुङ्गिनेछ। प्रतियोगितामा प्रथम हुनेलाई रु ६५ हजार, द्वितीय हुनेलाई रु ४० हजार, तृतीय हुनेलाई रु २५ हजार र सान्त्वना हुने चार जनालाई रु पाँच हजार पुरस्कार प्रदान गरिनेछ। ऋषिङमा रहेका पर्यटकीयस्थलको प्रचारप्रसार गर्ने उद्देश्यसहित म्याराथन गर्दै आइएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले बताउनुभयो।

# गोरखाका छ स्थानीय तहलाई एम्बुलेन्स हस्तान्तरण

पोखरापत्र संवाददाता
गोरखा, १९ पुस



गोरखाका छ स्थानीय तहलाई एम्बुलेन्स हस्तान्तरण गरिएको छ। गोरखा सदरमुकाममा बिहीबार एक कार्यक्रमका बीच 'सम्भव छ नेपाल' नामक एक गैरसरकारी संस्थाले स्थानीय तहहरूलाई एम्बुलेन्स उपलब्ध गराएको संस्थाका अध्यक्ष प्रेम खत्रीले जानकारी दिनुभयो।

संस्थाले गण्डकी, आरुघाट, अजिरकोट, बारपाक सुलिकोट, सिरानचोक र चुमनुब्री गाउँपालिकालाई एम्बुलेन्स प्रदान गरेको उहाँले बताउनुभयो। अहिले वितरण गरिएका एम्बुलेन्स 'ख' वर्गका हुन्। संस्थाले उपलब्ध गराएको एम्बुलेन्स गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत संयुक्तरुपमा साँचो हस्तान्तरण गरेर उपलब्ध गराउनुभयो।

एम्बुलेन्ससँगै संस्थाले पालिकालाई औषधिसमेत उपलब्ध गराएको अध्यक्ष खत्रीले जानकारी दिनुभयो। एम्बुलेन्स तथा औषधिसहित संस्थाले पालिकालाई करिब रु दुई करोड ८० लाख बराबरको सामग्री वितरण गरेको हो। संस्थाले पालुङटार नगरपालिकालाई पनि केही समयपछि एम्बुलेन्स उपलब्ध गराउने उहाँको भनाइ छ। यसअघि पनि संस्थाले गोरखा विभिन्न पालिकालाई निःशुल्क एम्बुलेन्स उपलब्ध गराएको थियो।

# पर्यटकीय क्षेत्र झुलेनीमा थपिँदै पूर्वाधार

रासस
बागलुङ, १९ पुस

काठेखोला गाउँपालिका-४ भुलेनीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गरिनेभएको छ। समुद्री सतहबाट दुई हजार पाँच सय ५० मिटरको उचाइमा रहेको भुलेनी, देउराली क्षेत्रमा काठेखोला गाउँपालिका र गण्डकी प्रदेशले संयुक्तरूपमा लगानी गरी संरचना निर्माण सुरु गरेका छन्।

उच्च पहाडी हावापानी, शान्त वातावरण, चराचुरुङ्गीको चिरबिर आवाज र यहाँबाट देखिने दर्जनौं हिमशृङ्खलाले आगन्तुकलाई परिखेरे पनि आवश्यक पूर्वाधार नबन्दा भुलेनी क्षेत्रमा कमै पर्यटक पुग्छन्। यस अगाडि काठेखोला गाउँपालिकाले वनभोजस्थललगायतका संरचना निर्माण गरेको छ।

चालु आर्थिक वर्षमा गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विनियोजन भएको रु पाँच लाखले यहाँ पदमार्ग र पार्क निर्माण गरिने छ। पर्यटनका हिसाबले सम्भावना बोकेको भए पनि प्रचारप्रसार र पूर्वाधार निर्माण हुन नसक्दा अहिलेसम्म ओझेलमा रहेको भुलेनीलाई पर्यटक आकर्षण केन्द्रका रूपमा विकास गरिन लागिएको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बताउनुभयो।

प्राकृतिक सुन्दरताले भरिपूर्ण भए पनि अहिलेसम्म लगानी हुन नसक्दा पछाडि परेको भन्दै अब पर्यटकलाई भुलेनीसम्म पुऱ्याउनका लागि प्रचारप्रसार र संरचना निर्माण गरिने उहाँको भनाइ छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलतामन | धनु | : मानसिक तनाव |
| कर्कट | : चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



# एउटै व्यक्ति भएको सूचना

स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १० निवासी भारतीय सैनिक न. ५४५३९९२ L का अर्जुन कुमार रानाको छोराको नेपाली नागरिकताको प्रमाणपत्रमा Bishow Jeet Rana, जन्म मिति २०६०।१२।३० (2004 April 12) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा Bishwa Jit Rana, जन्म मिति 2001 Sep 17 कायम भएता पनि दुवै नामथर, जन्म मिति भएको ब्यक्ति एउटै भएको ब्यहोरा सार्वजनिक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# एसओएस गण्डकीमा ४० औँ खेलकुद दिवसको समुद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर विद्यालय गण्डकीको ४० औँ खेलकुद दिवस समुद्घाटन गरिएको छ ।

बिहीवार विद्यालयको प्राङ्गणमा आयोजित उक्त त्रिदिवसीय खेलकुद समारोहलाई एसओएस बालग्राम नेपालका राष्ट्रिय निर्देशक डा. गङ्गाबहादुर गुरुङले पानसमा दीपप्रज्ज्वलन गरी समुद्घाटन गरे ।




समुद्घाटन समारोहमा आफ्नो मन्तव्य राख्दै डा. गुरुङले समावेशी सिद्धान्तलाई आत्मसात् गर्दै एसओएसले निश्चित मूल्यमान्यतासहित राष्ट्रको गुणस्तरीय शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको बताए । दुई दशकअघि आफू एसओएस गण्डकीमा रहँदाको क्षणको स्मरण गर्दै गुरुङले शैक्षिक उत्कृष्टताका क्षेत्रमा विद्यालयले विगतदेखि वर्तमानसम्म कायम राखेको गरिमा र प्रतिष्ठाप्रति सराहना व्यक्त गरे । 'गुणस्तरीय शिक्षासँगै खेलकुदपनि विद्यार्थीको सर्वाङ्गीण विकासको अर्को महत्वपूर्ण पक्ष हो ।' डा. गुरुङले भने, 'विश्वका १३७ देशमा विस्तार भएको एसओएसले स्थापनाकालदेखि नै विद्यार्थीको असल आचरण र संस्कारसँगै खेलकुदलाई पनि संस्कृतिका रूपमा विकास गर्दै आइरहेको छ ।' एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले स्वागत मन्तव्य राखेका थिए । मन्तव्यका क्रममा प्रधानाध्यापक सुवेदीले नियमित शिक्षण सिकाइ क्रियाकलापसँगै बालबालिकाको शारीरिक तन्दुरुस्ती र संवेगात्मक सन्तुलित विकासका लागि विद्यालयले विद्यार्थीहरूका बीचमा प्रत्येक वर्ष प्रतियोगितात्मक खेलकुद कार्यक्रम आयोजना गर्दै आइरहेको बताए ।

समारोहमा एसओएस बालग्राम पोखराका परियोजना निर्देशक लोक्स्याङ ग्याल्सेन, गण्डकी बोर्डिङ स्कुल पोखराका प्राचार्य वीरेन्द्र खड्का, एसओएस स्कुल पोखराका प्राचार्य फुर्बु थिन्ले, एसओएस बालग्राम केन्द्रीय कार्यालय नेपालका कानुनी सल्लाहकार श्रीराम बजगाईं, एसओएस युवालय गण्डकीका उपनिर्देशकद्वय बाबुराम बराल र राजेन्द्र रेग्मी, एसओएस गण्डकीका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, एसओएस नेपालकी मानव संसाधन अधिकृत सेबिना भट्टराई, सञ्चार अधिकृत विनीता शाही, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन गण्डकीका एकाइ अध्यक्ष टीकाराम सुवेदी, एसओएस बालग्रामकी आमा प्रतिनिधि पार्वती पाण्डे, एसओएस गण्डकी भूतपूर्व विद्यार्थी मञ्चका अध्यक्ष विकास श्रेष्ठ, चिकित्सक पूजन बटाजूलगायतका व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

# म्याग्दीका दुई पालिकामा आधारभूत अस्पताल भवन अलपत्र

पोखरापत्र संवाददाता
म्याग्दी, १९ पुस

म्याग्दीमा निर्माणधिन दुई आधारभूत अस्पताल अलपत्र परेका छन् । 'एक स्थानीय तह, एक आधारभूत अस्पताल'योजनाअन्तर्गत मङ्गला र धौलागिरि गाउँपालिकामा निर्माण सुरु भएका दुई अस्पताल भवनको काम निर्माण व्यवसायीले ढिलासुस्ती गरेपछि अलपत्र परेका हुन् ।

धौलागिरि -७ ताकममा पाँच र मङ्गला-५ हँडेभिरमा १० शय्या क्षमताको आधारभूत अस्पताल २०७७ सालमा शिलान्यास गरिएको थियो । निर्माण व्यवसायीले भवन निर्माणको काम रोकेपछि यहाँका दुवै अस्पताल योजना अधुरो बनेको हो । ताकममा निर्माणाधीन अस्पतालको जिम्मा लिएको आइएस एसी जेभी बुर्तिबाङ बागलुङले भुइँ ढलान गरेर पिल्लर मात्रै उठाएर कामलाई अधकल्चो बनाएको धौलागिरि -७ का वडाध्यक्ष अशोक खत्रीले बताउनुभयो । "स्थानीयस्तरमा कुनै विवाद र समस्या छैन, निर्माण व्यवसायीलाई काममा फर्कन पटकपटक आग्रह गरेका छौँ, केही दिनमै काममा फर्कने प्रतिबद्धता आएको छ", उहाँले भन्नुभयो । ताकममा अस्पताल भवन बनाउन रु चार करोड ८८ लाख ७२ हजार एक सय ३२ मा ठेक्का सम्झौता भएको थियो । निर्धारित मिति २०७९ जेठ २५ भित्र भवन निर्माण सम्पन्न गर्नुपर्ने भए पनि अहिलेसम्म अस्पताल भवनको २० प्रतिशत भौतिक प्रगति भएको छ । भवन निर्माण गर्ने समय व्यतित गरेको उक्त कम्पनीलाई १२ औँ संशोधन नियमावलीअनुसार एक वर्षका लागि म्याद थप भएको थियो। दुईतले अस्पताल भवनमा आकस्मिक, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टाछुट्टै कक्षलगायतका संरचना रहने प्रस्ताव गरिएको छ । निर्माण कम्पनीका प्रतिनिधि दीपक अढाइले बजेटको सुनिश्चितालगायतका विविध कारणले आफूले समयमै काम सम्पन्न गर्न नसकेको बताउँदै पालिकाको नेतृत्वमा सबै समस्या हल भएकाले अब छिट्टै कार्यक्षेत्रमा फर्कने बताउनुभयो । उहाँले निर्माण सामाग्री, मेसिन उपकरण तथा जनशक्ति व्यवस्थापनमा जुटेको जनाउँदै एक सातामै कार्यक्षेत्रमा काम सुरु हुने जानकारी दिनुभयो ।

मङ्गला गाउँपालिकामा निर्माणाधीन पालिकास्तरीय अस्पताल भवन अलपत्र परेपछि निर्माण व्यवसायीलाई ताकेता गरिएको छ ।

ठेकेदारको ढिलासुस्ती र लापर्वाहीका कारण यहाँको अस्पताल भवन विगत डेढ वर्षदेखि अलपत्र अवस्थामा छ । भवनको ढ्याप फाउन्डेसन तयार पारी पिल्लर उठाएर छाडिएको यस योजनाको जम्मा १० प्रतिशत भौतिक प्रगति भएको छ । पिल्लरको संरचना ठडाएर छाडिएको छ भने रडमा खिया लागेको छ । अस्पताल भवन निर्माणका लागि पालिकाले ओमबुद्ध इन्टरनेसनल कन्स्ट्रक्सन काठमाडौँसँग दुई वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी २०७८ असारमा रु नौ करोड ११ लाखमा ठेक्का सम्झौता भएको थियो ।

मुख्य ठेकेदारले योजनाको काम गर्न अर्को पेटी ठेक्का लगाएको र उनीहरुबीचको आन्तरिक विवादले योजना नै अलपत्र परेको गाउँपालिकाका असिस्टेन्ट सब-इन्जिनियर नगेन्द्र सापकोटाले जानकारी दिनुभयो । पालिकाले पटकपटक पत्राचार गरेपछि मुख्य ठेकेदार दिपेश लामा सम्पर्कमा आएर भवन बनाउने प्रतिबद्धता व्यक्त गरेको उहाँले बताउनुभयो । यस भवनको आगामी असार मसान्तसम्म ठेक्का सम्झौताको म्याद थप भएको छ। पालिकाको अस्पताल भवनलाई सम्पन्न गराउन निरन्तर ताकेता गरेको र मुख्य ठेकेदार नै पालिकामा आएर केही दिनमै काम अघि बढाउने प्रतिबद्धता जनाएको गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो । मङ्गलामा आकस्मिक, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टाछुट्टै कक्षसहितको भूकम्पप्रतिरोधी क्षमताको ३५ कोठा भएको अपाङ्गमैत्री अस्पताल भवन निर्माण हुनेछ ।

जिल्लाको मालिका गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरेर आधारभूत अस्पतालको रुपमा सञ्चालनमा ल्याएको छ । दरबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा भौतिक पूर्वाधार, मेसिन उपकरण, जनशक्तिलगायतको बन्दोबस्त गरेर पाँच शय्याको अस्पताल सञ्चालनमा ल्याइएको छ । म्याग्दीमा अन्नपूर्ण गाउँपालिकाले वडा नम्बर १ दोबामा पाँच शय्याको अस्पताल भवन निर्माण सम्पन्न गरेको छ भने रघुगङ्गा गाउँपालिकामा वडा नम्बर १ बेगमा निर्माण हुने भनिएको अस्पताल योजना विवाद र जग्गा व्यवस्थापनको समस्याले अझै शिलान्यास हुन सकेको छैन ।

# सूर्यज्योति लाईफ ईन्स्योरेन्सद्धारा मृत्यु दाबी भुक्तानी

पोखरापत्र संवाददाता
स्याङ्जा, १९ पुस

सूर्यज्योति लाइफ ईन्स्योरेन्स कम्पनी लि. पुतलीबजार शाखाले मृत्यु दाबी भुक्तानी गरेको छ ।

बैदेशिक रोजगारीमा रहेका स्याङ्जाका एक युवकको मृत्युपछि उनका परिवारले मृत्यु दाबी गरेसँगै कम्पनीले रकम भुक्तानी गरेको हो । बैदेशिक रोजगारीको सिलसिलामा मलेशिया रहेका स्याङ्जाको बिरुवा गाउँपालिका वडा नं. ६ का ३९ वर्षिय दानबहादुर थापाको करिब ३ महिना अघि मृत्यु भएको थियो । थापाको मृत्युपछि उनको परिवारलाई कम्पनीले १४ लाख रुपैयाँ मृत्यु दाबी रकम भुक्तानी गरेको छ । कम्पनीका पुतलीबजार शाखा प्रमुख सुजन पोखरेलले मृतक थापाकी श्रीमती नारायणी माया थापालाई दाबी रकम बराबरको चेक हस्तान्तण गरेका छन् । रोजगारीमा जाने क्रममा मृतक थापाले सूर्यज्योति लाईफ ईन्स्योरेन्समा म्यादी बीमा गरेको कम्पनीले जनाएको छ ।

थापाको मृत्युपछि उनकी श्रीमती नारायणीले कम्पनीले हालसालै जारी गरेको "सूर्यज्योति सहि प्लान" अर्न्तगत १२ लाख बराबरको आजीवन बीमा गरेकी छन् ।

उच्च रक्तचापका कारणले मृत्यु भएका थापाका २२ वर्षका १ छोरा मात्र छन् । ३ वर्ष अघिदेखि पुतलीबजारमा संचालनमा आएको सूर्यज्योति लाईफईन्स्योरेन्सकम्पनीलेहालसम्म ५ जना बीमितको मृत्यु दाबी भुक्तानी गरेको छ । कम्पनीको पुतलीबजार शाखामा झण्डै १ हजार जनाले जीवन बीमा गरेको शाखाले जनाएको छ ।

# एक वर्षमा अन्नपूर्ण पदमार्गमा २१ हजार पर्यटक

पोखरापत्र संवाददाता
लमजुङ, १९ पुस

अन्नपूर्ण पदमार्गमा गत सन् २०२३ मा २१ हजार दुई सय ४७ जना विदेशी पर्यटक आएका थिए । यस पदमार्गमा एक वर्षको अवधिमा आएका पर्यटकमध्ये १२ हजार ९८१ पुरुष र आठ हजार दुई सय ६६ महिला रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्र धारापानीले जनाएको छ ।

यस केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङका अनुसार फ्रान्सका दुई हजार पाँच सय ३३ पर्यटक आएका थिए । सन् २०२३ मा १२२ देशका नागरिक यस पदमार्गमा आएको उहाँको भनाइ छ । त्यस्तै फ्रान्सपछि इजरायल, जर्मनी, बेलायत, अमेरिकाका नागरिक बढी यस पदमार्गमा आएका थिए । त्यस्तै सन् २०२२ मा १५ हजार नौ सय विदेशी पर्यटक आएका थिए । सोमध्ये १० हजार तीन सय ६४ पुरुष र पाँच हजार पाँच सय ३६ महिला रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीले जनाएको छ। सन् २०२२ यसको तुलनामा सन् २०२३ मा पाँच हजार तीन सय ४७ बढी विदेशी पर्यटक आएका छन् ।

सन् २०२२ मा आएका पर्यटकमध्ये सबैभन्दा धेरै फ्रान्सका दुई हजार १२ पर्यटक भएको बताइएको छ । यस केन्द्रका अनुसार सन् २०२१ मा भन्दा सन् २०२२ मा १३ हजार छ सय २७ बढी पर्यटक आएका थिए । सन् २०२१ मा एक हजार पाँच सय ६२ पुरुष र सात सय ११ महिला गरी दुई हजार दुई सय ७३ पर्यटक आएका थिए ।

सन् २०२० मा एक हजार नौ सय ७६ पर्यटक आएको थिए । केन्द्रका अनुसार सन् २०१९ मा ३६ हजार छ सय ४७ पर्यटक, सन् २०१८ मा २९ हजार चार सय ८४ पर्यटक, सन् २०१७ मा २१ हजार ६८ पर्यटक पदमार्गमा आएका थिए । सन् २०१७ बाट पर्यटक आगमनमा वृद्धि हुँदै गर्दा सन् २०२० मा कोरोना सङ्क्रमणको पहिलो लहर आएयता पदमार्ग क्षेत्र नै प्रभावित भएको थियो । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका- ७ मनाङ्गे चौतारो रहेको छ। यो पदमार्ग लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएको छ। पर्यटक हिमाल, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नका साथै मनाङबाट मुस्ताङ, पोखरा जान अन्नपूर्ण पदमार्गमा आउने गर्छन् । मनाङमा रहेका हिमाल चढ्न तथा हेर्नका लागि पनि पर्यटक आउने गरेको जनाइएको छ।

# शनिबार हुने 'चङ्गा म्युजिक एन्ड आर्ट फेस्टिबल' को तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

बाह्रसिङ्गे बियरको मुख्य प्रायोजनमापोखरामापहिलोपटक आयोजना हुने 'चङ्गा म्युजिक एन्ड आर्ट फेस्टिबल' को सम्पूर्ण तयारी पूरा भएको छ ।

चङ्गा प्रोडक्सनको आयोजनामा यही पुस २१ गते शनिबार (जनवरी ६) पोखराको नयाँबजारस्थित प्रर्दशनी केन्द्रमा हुने 'चङ्गा म्युजिक एन्ड आर्ट फेस्टिबल' को सम्पूर्ण तयारी पूरा भएको प्रोडक्सनका प्रबन्धक निर्देशक विवेक गुरुङले जानकारी दिए ।



उनका अनुसार फेस्टिबलमा प्रजिना, जोन चाम्लिङ राई र स्रिजल विक्रम भण्डारी (स्नेगो)ले विशेष प्रस्तुती दिनेछन् भने हुबाको टिमले फेसन शो प्रस्तुत गर्नेछ । निर्देशक गुरुङले हुबाको कोरियोग्राफीमा पोखराकै मोडलहरुले फेसन शो गर्ने बताए । 'यस्तो कार्यक्रम पोखरामा पहिलोपटक आयोजना गर्दैछौं, निर्देशक गुरुङले भने, 'यसले हाम्रै पोखराको र नवदीत कलाकारहरुलाई एक्सप्लोर गर्ने छ । त्यसैले हामीले आर्ट र म्युजिकलाई जोडेर फेस्टिबल आयोजना गरेका हौं ।' उनले म्युजिक फेस्टिबलको माध्यमबाट संगीत र कलासँग जोडिएका संस्कृतिहरुको प्रर्वद्धन गर्ने विश्वास लिएको बताए ।

हुबा ब्राण्डले विगत दुई बर्षदेखि विभिन्न प्रकारका कपडालाई ब्राण्ड गर्दै आएको छ । युवाहरु मिलेर सञ्चालनमा ल्याएको हुबाले चङ्गा प्रोडक्सनसँग सहकार्य गर्न पाएकोमा हुबाका क्रियटिभ म्यानेजर सुशिल सापकोटाले खुशी व्यक्त गरे । 'चङ्गासँग हाम्रो पहिलोपटक अफिसियल्ली सहकार्य यो इभेन्टका लागि भएको छ, सापकोटाले भने, 'यहाँहरुको इभेन्ट पृथक भएकाले पनि हामी चङ्गासँग कोल्याब्रेट गरेका हौं ।' सापकोटाले अरुबेला हुने फेसन शो भन्दा चङ्गा फेस्टिबलमा फरक खालको शो हुने जानकारी दिए । 'अरु बेलाको फेशन शो भन्दा यो इभेन्टमा फरक खालको शो देख्न पाउनुहुनेछ । म्युजिकमा यम्पि वाक मात्र नभएर एक्टिभ्लाई पनि स्पेस दिएका छौ, उनले भने ।

सो फेस्टिबलमा द इन्फ्लेम ब्यान्ड, द अदृश्य किरण एण्ड मोर लगायतले सांगीतिक प्रस्तुती दिनेछन् । यस्तै सो फेस्टिबलमा विभिन्न आर्ट लगायत पोखरेली ब्राण्डहरुका करिब ४० वटा स्टल रहने छन् भने टिकट पृथ्वीचोकको कुन्तीमलस्थित बक बक क्याफेमा उपलब्ध रहेको छ । 'चङ्गा म्युजिक एन्ड आर्ट फेस्टिबल' युवाहरुको सशक्तिकरणमा टेवा पुर्याउने लक्ष्यसहित आयोजना गरेको बताइएको छ ।


## Jaimini Municipality
Kushmisera, Baglung
Gandaki Province, Nepal

## Invitation for Bids

(Date of Publication: 2080-09-20 BS (2024-Jan-05 AD)

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the procurement of Medicine and surgical instruments mentioned in table below under contract.

| S.N. | Name of Procurement | Contract ID | Estimated Amount NRs.(With VAT) | Bid Doc. Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Procurement of Medicine and Surgical Instruments | JM/BAGLUNG/ NCB/G/M/ 1/080/81 | NRs.23,99,738.198 | NRS 3,000 | 60,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**